# साइपाल गाउपालिकाको विनियायजन ऐन

साइपाल गाउपालिका काँडा बझाङ्ग

७ नं. प्रदेश

मिति : २०७५/०३/१०

**साइपाल गाउपालिकाको आर्थिक वर्ष २०७५/०७६ को सेवा र कार्यहरुका लागी स्तानिय संचित कोष बाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन।**

सभाबाट स्वीकृत मितिः २०७५/०३/१०

**प्रस्तावना** : साइपाल गाउपालिकाकोृ आर्थिक वर्ष २०७५/०७६ को सेवा र कार्यहरुका लागि संचितकोष बाट केही रकम खर्च गर्ने अधिकार दिन रसो रकम दिन विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको सैविधानको धारा २२९ को उप–धार (२) बमोजि साइपाल गाउसभाले यो ऐ्न बनाएको छ।

**१.संक्षिप्त नाम र प्रारम्भ**

(१) यस ऐनको नाम "साईपाल गाउपालिका विनियोजन ऐन २०७५ रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुने छ।

**२. आर्थिक वर्ष २०७५/०७६ को निमित्त संचितकाष बाट रकम खर्च गर्ने अधिकार** (१) आर्थिक वर्ष २०७५/०७६को निमित्त साईपाल गाउपालिका वडा समिति विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसुचि (१) मा उल्लेखित चालु खर्च, पुजिगत खर्च र वित्तिय व्यवस्थाको सकम समेत गरि जम्मा रकम रु १५१०६८६७५।– (अक्षर रुपि पन्द्र करोड दस लाख अठ्सठ्ठि हजार छ सय पच्हत्तर ) मा नबढाइ निर्दिष्ट गरिय बमोजिम संचितकोष बाट खर्च गर्न सकिनेछ।

**३.विनियोजन** (१) यस ऐन द्धारा संचितकोषबाट खर्च गर्न अधिकार दिएको रकम आर्थिक वर्ष २०७५/०७६ को निमित्त साईपाल गाउपालिका वडा समिति विषयगत शाखाले गने सेवा र कार्यहरुको निमित्त खर्च गरिने छ।

(२) उपदफा १मा जुनसुकै कुरा लेखिएको भयतापनि  कार्यपालिका वडा समिति विषयगत शाखाले गर्ने सेवा रकार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्य कुनैमा बचतहुने र कुनैमा अपुग हुने देखिनआएमा गाउकार्यपालिकाले बचतहुने सिर्षकबाट अपुगहुने सिषकमा सार्न सक्ने  छ। यसरी एक सिर्षकबाट अर्को सिषकमा रकम सार्दा १० प्रतिसत नबढ्नेगरि सानुपर्ने छ । १० प्रतिसत भन्दा बढी सार्नु परेमा गाउसभाको स्वीकृती लिनुपर्ने छ ।

अनुसूचि १(दफा २ संग सम्बन्धित)

नेपालको संबिधानको धारा २२९ उप-धारा २ बमोजिम

संचित कोषबाट विनियोजन हुने रकम

| क.सं. | अनुदान संख्या | षिर्शकको नाम | चालु खर्च | पुजिगत खर्च | सा.सु. | ससर्त अनुदान | पोषण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | – | गाउपालिका | ३२४६३००० | ३४८९६००० | ७०५०००० | ३२०००००० | १२३५००० | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |